# राष्ट्रिय स्वतन्त्र पार्टी

## National Independent Party

## (रास्वपा)

# चिनारी पुस्तिका

## प्रारम्भिक संस्करण

केन्द्रीय कार्यालयः काठमाडौं, नेपाल

Central Office: Kathmandu, Nepal

# राष्ट्रिय स्वतन्त्र पार्टी

नेपाली जनतामा निहित राष्ट्रिय सार्वभौमिकतालाई आत्मसाथ गर्दै, नेपाल राष्ट्रको हितलाई सर्वोपरि मानी जनउत्तरदायी, जनसहभागितामूलक लोकतान्त्रिक राज्य शासन व्यवस्था प्रवर्द्धन गर्दै नेपालको संविधानले परिकल्पना गरे अनुसार दीगो शान्ति, सुशासन, विकास र समृद्धिका आकांक्षा पूरा गरी नेपाली जनताले महसुस गर्ने गरी जीवनस्तरमा सुधार ल्याउने प्रतिबद्धताकासाथ राष्ट्रिय स्वतन्त्र पार्टीको गठन गरी, असार ०७, २०७९ मा सार्वजनिक घोषणा गरेसँगै, असार १७, २०७९ मा राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचन आयोगमा दर्ता भएको हो ।

# दर्शन र प्रतिबद्धता

क) विधिको शासन
ख) सामाजिक न्यायसहितको समानता
ग) योग्यता र कर्मशीलता
घ) राष्ट्र निर्माणमा समर्पणता
ङ) भ्रष्ट्राचारप्रति शुन्य सहनशीलता
च) प्रत्यक्ष सहभागितामूलक लोकतन्त्र
छ) व्यक्तिगत स्वतन्त्रता र मानव अधिकार
ज) जलवायु परिवर्तनप्रति सचेत रही हरित राष्ट्र बनाउने ऐक्यबद्धता
झ) सन्तुलित, असंग्लन परराष्ट्र नीतिसहित विश्व शान्ति क्षेत्रप्रतिको कटिबद्धता

# राष्ट्रिय स्वतन्त्र पार्टी गठनको पृष्ठभूमि

नेपालमा राजनीतिक व्यवस्थाको परिवर्तन त पटकपटक भए तर नेपाली जनताले ती परिवर्तनबाट अपेक्षित प्रतिफल हासिल गरेको अनुभूत गर्न सकेका छैनन् । मुलुकमा स्थापित भनिएका राजनीतिक पार्टी तथा नेताले दिएका वचन, आश्वासनमा मात्रै सीमित रहे । तसर्थ राजनीतिक दल र नेताहरुमाथिको जनआस्था तथा भरोसा क्रमशः धिमिलिँदै गयो । राजनीतिक दल, जनताका लागि नभई तिनका कार्यकर्ताका लागि मात्र भए, नेता पनि जनताका लागि नभई पार्टीका (अझ पार्टीभित्रको गुटका) मात्र हुन पुगे ।

यस परिप्रेक्ष्यमा नेपाली जनता त्यस्तो विकल्पको खोजीमा छन् जसले आम नेपालीको जनजीविकाका मुद्दाहरुमा केन्द्रीत रही जनताका पीरमर्कालाई बुझेर काम गरोस् । जनता  त्यस्तो प्रणालीको आशा गरिरहेका छन् जहाँ स्वाभिमानसाथ बाँच्न सकियोस् । नातावाद, कृपावाद, परिवारवाद, आर्शिवाद, दलवाद वा गुट-उपगुटवादको अन्त्य भई योग्यता र क्षमताको समुचित कदर होस् । कानुनको पालना होस, न्यायमा नागरिकको पहुँच होस्, राज्यका अंगहरुले काम गरुन् । यिनै पृष्ठभूमिबीच नेपाली जनताका मुद्दालाई आवाज दिन, नेपाली जनताको गरी खान पाउने अधिकारमा योगदान पुऱ्याउने प्रतिबद्धतासहित नेपाल र नेपालीप्रति समर्पित, नेपाललाई माया गर्ने उर्जावान् युवाहरुको अग्रसरतामा, विषय विज्ञ अग्रजहरुको साथ र प्रेरणा लिई राष्ट्रिय स्वतन्त्र पार्टी गठन भएको हो ।

# पार्टीको सिद्धान्त - संवैधानिक समाजवाद

विधिको शासनमार्फत् नेपालको संविधानले परिकल्पना गरे अनुसारको समाज स्थापना गर्नु नै संवैधानिक सामाजवाद हो । यो नयाँ वाचाहरू गर्ने बेला नभएर, नयाँ सपना देखाउने बेला नभएर, लिखितम् रुपमा गरिएका वाचाहरू र देखाइएका सपनाहरू पूरा गर्ने बेला हो ।

# पार्टीका रुपमा हामी कसरी फरक छौं ?

नेपालमा धेरै पार्टीहरु छन् र यस पार्टीहरुको भीडमा हामी पनि सामेल भएका छौं तर भएका सबै पार्टीहरुभन्दा निम्न कारणले हामी फरक छौं :

## १) प्रारम्भिक निर्वाचन प्रणाली

राज्यको कुनै पनि तहको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारीको टिकट पार्टीका साधारण सदस्यहरुको मतदानबाट विजयी हुनेलाई मात्र दिइनेछ । यस्तो मतदानमा विदेशमा रहेका नेपालीहरुले पनि मतदान गरी पार्टीको तर्फबाट उम्मेदवार छान्न पाउने छन् । पार्टीको तर्फबाट हुने प्रधानमन्त्री, मुख्यमन्त्री पनि पार्टीको साधारण सदस्यको मतबाट छानिनेछ । समानुपातिक निर्वाचन प्रणालीमा पनि साधारण सदस्यहरुको मतदानबाट नामावली र क्रम संख्या तयार पारिनेछ । कुनै पनि बहानामा कसैलाई **"टीका"** लगाएर उम्मेदवार को टिकट दिइने छैन ।

## २) भ्रातृ संगठनरहित

राष्ट्रिय स्वतन्त्र पार्टीमा कुनै पनि किसिमको भ्रातृ संगठन हुँदैन । युवा, महिला, किसान, मजदुर, पेशागत नेपाली, व्यवसायी, आदिवासी, मधेसी, दलित, जनजाति, यौनिक अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरु लगायत सबैका आवश्यकता र मागलाई पार्टीको मूल संरचनाबाटै उठाइनेछ र नेपालीहरुलाई राजनीतिभन्दा आफ्नो कर्ममा तल्लीन हुन प्रोत्साहन गरिनेछ । भ्रातृ संगठनहरुको निर्माण जुनसुकै उद्देश्यबाट भएपनि वर्तमान अवस्थामा त्यस्ता भ्रातृ संगठनहरु राजनीति गर्ने थलो बनेका छन् जबकि राजनीतिक पार्टीको मूल संरचनाबाटै राजनीति गर्न सम्भव छ। घरैपिच्छे नेता जन्माउने परिपाटीको अन्त्य गरी राजनीतिलाई सुसंस्कृत र सम्मानित बनाउनु हाम्रो उद्देश्य हो ।

## ३) कार्यकर्ता रहित

पार्टी सदस्यलाई मतदाता नामावलीमा नाम भएको र नभएको अर्थात् मतदाता परिचय पत्र (Voter ID card) भएको र नभएको आधार मा प्रारम्भिक र साधारण सदस्यमा विभाजन गरिएको छ । मतदाता नामावलीमा नाम नभएकाहरुले मतदाता नामावलीमा नाम दर्ता गरे पश्चात् साधारण सदस्यमा बदलिने छ । अन्य पार्टीमा जस्तो सक्रिय सदस्य, क्रियाशील सदस्य, संगठित सदस्य लगायतको व्यवस्था गरिने छैन । पार्टीका सबै कार्यक्रमहरुमा सदस्यहरुलाई स्वेच्छामा भाग लिने नलिने अधिकार हुनेछ र कार्यक्रममा भाग नलिएकै आधारमा कारवाही गरिने छैन । यसर्थ हाम्रो पार्टी कार्यकर्ता रहित पार्टी हो ।

## ४) बहुसंख्यक युवा

पार्टीको सबै तहमा सम्भव भएसम्म (५०%+१) को संख्यामा युवा (४५ वर्ष वा ४५ वर्षभन्दा कम उमेरका) हुनेछन् ।

## ५) पार्टीको साधारण सदस्यता लिएका जोकोही नेपाली पनि सीधै सभापतिसम्म हुन पाउने

आफ्नो जीवनमा व्यावसायिक तथा व्यक्तिगत सफलता हासिल गरी राजनीति गर्न चाहने क्षमता भएका नेपालीहरुका लागि अन्य पार्टीमा सीधै नेतृत्व लिने अवस्था नभएको परिस्थितिमा हाम्रो पार्टीमा त्यस्ता व्यक्तिका लागि पार्टी सदस्यता लिइ सीधै पार्टीको सभापतिसम्म भएर नेतृत्व गर्ने अवसर सुनिश्चित गरिएको छ । पार्टी सभापतिको छनोट, पार्टीका सम्पूर्ण सदस्यहरुले मतदान मार्फत् गर्नेछन् ।

## ६) पार्टी सदस्यमा नै सार्वभौमिकता निहित

पार्टीको कुनै पनि तहको निर्णयहरुलाई पार्टीका सदस्यहरुको बहुमतले उल्टयाउन सक्नेछ ।

## ७) पार्टी सदस्यलाई एजेन्डा, नीति तथा विचार उठाउने अधिकार

पार्टीको कुनै पनि सदस्यलाई पार्टी भित्र आफ्नो एजेन्डा उठाउने अधिकार छ । त्यस्तो अधिकारको अनिवार्य रुपमा सुनवाइ हुन्छ र त्यस्ता एजेन्डा पारित भएमा त्यो एजेन्डा, नीति तथा विचार पार्टीको आधिकारिक एजेन्डा, नीति तथा विचार बन्नेछ ।

## ८) परिर्वतनशील नेतृत्व प्रणाली

पार्टीको केन्द्रीय सभापति, प्रदेश सभापति, जिल्ला सभापति र पालिका सभापति, दुई कार्यकालभन्दा बढी हुन पाइने छैन (उक्त कार्यकाल पार्टीको पहिलो महाधिवेशनपछि गनिनेछ) ।

# राष्ट्रिय स्वतन्त्र पार्टी नै किन रोज्ने ? (उद्देश्य र नीति कार्यक्रम)

## १) भ्रष्टाचार शून्य देश

राज्यका सम्पूर्ण भ्रष्टाचार विरुद्धका निकायलाई सक्रिय बनाइनेछ र ती निकायमा वर्षौंदेखि धुलो लागेर रहेका फाइलहरुको धुलो टकटकाइनेछ । हालसम्म सार्वजनिक निकायमा बसेर अकुत सम्पत्ति कमाएकाहरुको सम्पत्ति छानबिन गरिनेछ र फास्ट ट्र्याक विधिबाट भ्रष्टाचारीलाई तत्काल कारवाही गरिनेछ र कडाभन्दा कडा सजाय दिइनेछ । विदेशमा रहेका भ्रष्टाचारीका नातागोतालाई समेत छानबिन र कारवाहीको दायरामा ल्याइनेछ ।

## २) सुशासन र झन्झटरहित सार्वजनिक सेवा

निजी क्षेत्रका स्थापित कम्पनीसँग प्रतिस्पर्धा गर्न सक्ने गरी कर्मचारी तन्त्रमा व्यापक सुधार गरी सुशासनको नयाँ मापदण्ड अति शीघ्र सुरु गरिनेछ । आवश्यक तालिम पश्चात् **“हायर एन्ड फायर”** प्रणाली लागू गरिनेछ । प्रमोसनको मात्र होइन डिमोसनको पनि व्यवस्था गरिनेछ । सार्वजनिक कार्यालयहरुमा डिजिटलिकरण लगायत आधुनिक प्रणाली लागू गरिनेछ । दरबन्दी र पदपूर्तिको समस्या हल गरिनेछ र प्रत्येक सार्वजनिक सेवामा सेवाग्राही (नागरिक) ले तोकिएको समयभित्र सेवा पाउने व्यवस्था मिलाइनेछ र त्यस्तो हुन नसके सम्बन्धित कर्मचारी र कार्यालय प्रमुखलाई तत्काल कारवाही गरिनेछ । भद्दा शासकीय व्यवस्थामा व्यापक सुधार गरिनेछ ।

## ३) सही ठाँउमा सही मान्छे, योग्यता र क्षमतालाई आधार, कर्मशीलतामा जोड

सही ठाँउमा सही मान्छे भन्ने सिद्धान्तलाई अवलम्बन गर्दै राज्यका प्रत्येक निकायमा कर्मचारी तथा पदाधिकारी नियुक्त गर्दा प्रतिस्पर्धात्मक प्रणालीबाट योग्यता र क्षमताका आधारमा गरिनेछ । नेपालको सम्मुन्नतिका लागि देश विदेशमा रहेका नेपालीहरुको दक्षता, ज्ञान र सीपलाई अधिकतम उपयोगमा ल्याइनेछ । लोकसेवा आयोगलाई आधुनिकीकरण गरी सुधार गरिनेछ ।

नातावाद, कृपावाद, आशिर्वाद र परिवारवादलाई निषेध गरी कर्मशील समाजको प्रवर्द्धनमा जोड दिइनेछ । स्वार्थको द्वन्द्व (conflict of interest) का कारणले नियुक्तिमा हुन सक्ने प्रभावलाई रोक्न आयोग गठन गरिनेछ र सार्वजनिक उजुरीका लागि आव्हान गरिनेछ र त्यस्तो केही स्वार्थको द्वन्द्व देखिए छनोटकर्ता परिवर्तन गरिनेछ । सहीलाई पुरस्कृत र गलतलाई दण्डित गरिने चुस्त प्रणाली तुरुन्तै अवलम्बन गरिनेछ ।

## ४) प्रत्यक्ष सहभागितामूलक लोकतन्त्रको प्रवर्द्धन र विश्वभरमा रहेका नेपालीका लागि मताधिकारको व्यवस्था

राज्यको शासन व्यवस्थामा अस्वीकार गर्ने अधिकार (Right to reject), जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार (Right to recall), डिजिटल लोकतन्त्र (Digital democracy), प्रारम्भिक निर्वाचन प्रणाली लगायत जनताको प्रत्यक्ष सहभागितामूलक व्यवस्थाहरु लागू गरी प्रत्यक्ष सहभागितामूलक लोकतन्त्रको प्रवर्द्धन गरिनेछ । विश्वका जुनसकै कुनामा रहेका नेपालीहरुले राज्यका कुनै पनि तहका निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाइनेछ । एकपटकको नेपालीलाई सधैंको नेपाली मानिनेछ ।

## ५) जनगुनासो र सुनवाई

सार्वजनिक सेवा लगायत जनतालाई परेका कुनै पनि प्रकारका समस्या सुन्नका लागि चुस्त संयन्त्रको विकास गरिनेछ र यथाशीघ्र त्यस्ता गुनासोको सुनुवाई गरी जनताका समस्यालाई तत्काल समाधान गरिनेछ । वैदेशिक रोजगारीमा गएका नेपालीहरुका लागि गुनासो र समस्या सुनवाइ तथा समाधानका लागि **Rapid Response Team** (द्रुत प्रतिक्रिया टोली) सहितको अलग संयन्त्र स्थापना गरिनेछ । कुनै पनि बाध्यता र बाटोबाट विदेश पुगेका नेपाली नागरिकका परिवारको सामाजिक र आर्थिक सुरक्षाको लागि अत्यन्त प्रभावकारी कार्यक्रम ल्याइनेछ ।

## ६) लोककल्याणकारी राज्य

सरकारले आफ्ना नागरिकको आर्थिक र सामाजिक कल्याणको संरक्षण र प्रवर्द्धन गर्नेछ । शिक्षा, स्वास्थ्य, कृषि जस्ता नागरिकलाई प्रत्यक्ष सरोकार राख्ने क्षेत्र राज्यको प्राथमिकता हुनेछ ।

## ७) सिमा सुरक्षा

नक्शामा अंकित गरिएको नेपाली भूमिलाई फिर्ता लिने प्रक्रिया सुरु गरिनेछ । यसका लागि कुटनीतिक पहल गरिनेछ र आवश्यक परे अन्तर्राष्ट्रिय मञ्चमा समेत आवाज उठाइनेछ र अन्तर्राष्ट्रिय समुदायको आवश्यक सहयोग लिइनेछ । हाम्रा भत्किएका सीमा स्तम्भहरुलाई अझ मजबुत बनाइनेछ । जुन स्थानमा हाम्रा स्तम्भहरु हराएका छन् त्यहाँ फेरि सीमा स्तम्भ गाडिनेछन् । ऐतिहासिक दस्तावेजमा उल्लेख भए अनुरुपका नेपाली भूभागको एक इन्च पनि छोडिने छैन । सीमावर्ती क्षेत्रका नेपालीहरुको जीउधनको सुरक्षा हाम्रो अनिवार्य जिम्मेवारी हुनेछ । सशस्त्र प्रहरी बललाई सीमा सुरक्षा बलमा परिणत गरिनेछ र सशस्त्र प्रहरीहरुलाई सीमा सुरक्षाको मात्र जिम्मेवारी दिइनेछ ।

## ८) अपराध नियन्त्रण तथा नागरिक सुरक्षा

कानुनका छिद्रहरूबाट जन्मेका र राजनीतिक संरक्षणबाट मौलाएका

गुण्डागर्दी, आपराधिक समूह, मानव बेचबिखन, लागुऔषध ओसारपसामा संलग्न समूहहरूलाई नियन्त्रणमा लिई अमनचयन कायम राख्न उच्च स्तरीय सतर्कताका साथ कानुनको पालना गर्ने गराइनेछ। महिला, बालबालिका, वृद्ध लगायत सबै नेपाली नेपालको कुनै पनि ठाँउ कुनै पनि समय निर्धक्क भएर हिडडुल गर्न सक्ने गरी शान्ति सुरक्षाको व्यवस्था मिलाइनेछ। सार्वजनिक स्थान  तथा सुरक्षा जोखिम स्थलहरुमा सिसिटिभिको व्यवस्था गरी सुरक्षा निगरानी बढाइनेछ।

अपराध नियन्त्रण गर्न नसक्ने प्रहरी अधिकारीहरुको ग्रेडिङ दोब्बर अंकले घटाइनेछ। इमान्दार प्रहरीहरुको पहिचान गरी प्रोत्साहित गर्न विशेष संयन्त्र खडा गरिनेछ। प्रहरीका उच्च अधिकारीले कार्यालयमा, ड्युटीमा र युनिफर्ममा बाहेक कुनै दलका नेता र व्यापारी व्यवसायीलाई भुक्किएर वा संयोगले भेटे पनि स्पष्टिकरण सोधिनेछ।

## ९) आत्मनिर्भर नेपाल र निर्यातमूलक अर्थतन्त्रको विकास

आधारभूत आवश्यकताका वस्तु र सेवामा राष्ट्रलाई आत्मनिर्भर बनाइनेछ। आयातलाई प्रतिस्थापन गरी निर्यातलाई प्रवर्द्धन गरिनेछ। निर्यातमूलक अर्थतन्त्र विकासका लागि उद्यममैत्री सरकार बनाइने छ र व्यवसायीलाई प्रोत्साहन गर्न व्यवसाय गर्ने वातावरणमा सुधार ल्याइनेछ। स्वदेशी उत्पादन वृद्धिका लागि उर्जा खपत बढाइनेछ जसका लागि निःशुल्क वा सशुल्क उर्जा उपलब्ध गराइनेछ। बैंकिङ प्रणालीमा सुधार ल्याउने नीति अवलम्बन गरी ऋण प्रवाहमा सुधार तथा राष्ट्रिय उत्पादनमा वृद्धि गरिनेछ। उद्योग, व्यापार गर्न चाहने व्यक्तिले एउटा बाहेक दोस्रो कार्यालयमा पाइला राख्नु पर्ने छैन, एक केन्द्र **(One Stop Center)** को अवधारणा ल्याइ झन्झटमुक्त वातावरण बनाइनेछ। उद्योगी व्यापारीको लगानीको सुरक्षा र सम्मान हाम्रो प्राथमिकता हुनेछ। मौलिक उद्योग र उत्पादनका लागि विशेष सेवा ईकाइ राखिनेछ।

डिजिटल करेन्सीको सम्भाव्यता र विश्वभर प्रभावकारितालाई मध्यनजर राखी नेपालले तुरुन्तै आफ्नो नीति बनाउनेछ। कानुनी रेमिटेन्सलाई प्रोत्साहित गरिनेछ, विदेशबाट रेमिटेन्स पठाउँदा क्यास ब्याकको व्यवस्था गरिनेछ।

सार्वजनिक-निजी साझेदारीको अवधारणामा संघीय, प्रादेशिक र पालिकास्तरका विकास योजनाहरु सञ्चालन गरिनेछ। सहकारी क्षेत्रको बेतिथीलाई अन्त्य गरी मध्यम आय भएका नेपालीहरुलाई सामूहिक रुपमा सहकारीको मूल्यमान्यता कायम राखी व्यवसाय गर्ने वातावरण बनाइनेछ।

## १०) स्वदेशमै रोजगारी, उद्यमशीलता प्रवर्द्धन र वैदेशिक रोजगारीको व्यवस्थापन

स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गरी राष्ट्रिय उत्पादन अभिवृद्धिमा जोड दिइनेछ। स्वदेशमा पर्याप्त मात्रामा रोजगारी सिर्जना हुन नसकिन्जेल वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइनेछ। उद्यममैत्री सरकार र उद्यममैत्री बैकिङ प्रणाली स्थापना गरिनेछ। विदेशमा सीप र ज्ञान हासिल गरेका नेपालीलाई उचित अवसरको सिर्जना गरी राष्ट्रिय उत्पादन र राष्ट्रिय विकासमा समेत योगदान पुऱ्याउन घर फर्क अभियान सञ्चालन गरिनेछ। गैर आवसीय नेपालीहरुको सहभागिता र लगानीमा बन्द भएको सबै उद्योग खोल्नका लाीग विशेष कार्य योजना ल्याइनेछ। अन्य उद्योगमा लगानी गर्न गैर आवसीय नेपालीहरुलाई सहज वातावरण मिलाइनेछ। विदेशबाट फर्केका नेपालीलाई नेपालमै श्रम गर्नका लागि सहज कर्जा प्रणाली र अन्य आवश्यक व्यवस्था गरिनेछ।

## ११) शिक्षालाई प्रमुख प्राथमिकता

परिणाममुखी, सीपमूलक, नैतिक, ज्ञानमूलक, रोजगारी केन्द्रीत, व्यवहारिक र विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणाली अवलम्बन गरिनेछ। यसका लागि सुरुमा प्रत्येक जिल्लामा एउटा आधुनिक आवसीय विद्यालय निर्माण गरिनेछ र समयक्रमसँगै देशभरका

सार्वजनिक विद्यालयहरुलाई सोही स्तरमा सुधार गरिनेछ ।

शिक्षा प्रणालीलाई समयानुकुल परिवर्तन गरिनेछ । शिक्षामा सबै नागरिकको समान पहुँच स्थापित गरिनेछ । १२ कक्षासम्म शिक्षा निःशुल्क गरिनेछ र उच्च शिक्षामा छात्रवृत्तिलाई पर्याप्त मात्रमा वृद्धि गरिनेछ । उच्च शिक्षाको निरन्तरताका लागि सस्तो दरमा बिना धितो ऋणको व्यवस्था मिलाइनेछ । निजी शैक्षिक संस्थामा शुल्क र सेवाको मापदण्ड बनाई लागू गरिनेछ । देशभर एउटै गुणस्तर का विद्यालयको परिकल्पना गरी तत्काल कार्य गरिनेछ । शिक्षकलाई नै शिक्षा कसरी दिने भन्ने तालिम दिइ परिक्षा लिइनेछ र उत्तिर्ण हुने शिक्षकहरु मुलुककै सबैभन्दा धेरै तलब सुविधा प्राप्त गर्ने पेशाकर्मी हुनेछन ।

## १२) जनताको स्वास्थ्य राष्ट्रको धन

सबै जनताको स्वास्थ्य सेवामा समान पहुँच स्थापना गरिनेछ र **Delay in seeking care, Delay in reaching care, Delay in providing care** (स्वास्थ्य सेवाको आवश्यकता महसुस गर्नमा ढिलाई, अस्पताल पुग्नुमा ढिलाई तथा स्वास्थ्य सेवा दिन र प्राप्त गर्नमा ढिलाई) को अवस्थामा आमूल परिवर्तन गरिनेछ । गाउँ र सहरमा आवश्यकता अनुसार अस्पताल र स्वास्थ्य केन्द्र स्थापना गरिनेछ । रोग लाग्नुभन्दा रोग लाग्न नदिनु बुद्धिमानी भन्ने सन्देश प्रसारित गर्न स्वास्थ्य शिक्षा सम्बन्धी जनचेतनालाई विद्यालय पाठ्यक्रमबाट नै प्रवर्द्धन गरिनेछ । सरकारी एवं सार्वजनिक स्वास्थ्य सेवा केन्द्र र अस्पतालहरुको सेवालाई आवश्यक थप भौतिक संरचना, व्यवस्थापनमा सुधार र दर बन्दी मिलान गरी स्वास्थ्य सेवालाई गुणस्तरीय बनाइनेछ र निजी अस्पतालहरुमा पनि शुल्क र सेवाको मापदण्ड लागू गरिनेछ । प्राथमिक स्वास्थ्य सेवा निःशुल्क हुनेछ र विभिन्न स्वास्थ्य बिमाका कार्यक्रम प्रभावकारी रुपमा लागू गरिनेछ । आयुर्वेदिक र प्राकृतिक चिकित्सा पद्धतिलाई पनि समान प्राथमिकतामा राखिनेछ र स्वास्थ्य अनुसन्धानमा विशेष जोड दिइनेछ ।

## १३) निर्यातमुखी कृषि

नेपाललाई खाद्य सुरक्षित राष्ट्र बनाइनेछ । एकीकृत कृषि प्रणाली स्थापना गरिनेछ र नगदे बालीको खेतीलाई प्रवर्द्धन गरिनेछ । किसानको आर्थिक र सामाजिक सुरक्षाको जिम्मेवारी राज्यको हुनेछ ।  कृषि उत्पादनका लागि बजारको जिम्मेवारी सरकारको हुनेछ । मल, बिउ र कृषि विज्ञको सल्लाह र तालिम किसानलाई उचित समयमा पर्याप्त मात्रामा उपलब्ध गराइनेछ । सिँचाइको व्यवस्था मिलाउन आवश्यक भौतिक संरचना निर्माण गरिनेछ । बाढी पहिरोलाई नियन्त्रण गर्ने वैज्ञानिक विधि अध्ययन गरी सोलाई अवलम्बन गरिनेछ । कृषि बिमाको कार्यक्रम प्रभावकारी रुपमा लागू गरिनेछ । प्रत्येक जिल्लामा ठुला कोल्ड स्टोरेज निर्माण गरिनेछ । अर्ग्यानिक नेपालको अवधारणातर्फ उन्मुख गराइनेछ ।

## १४) रोजगारीको आधार पर्यटन

नेपाललाई अन्तर्राष्ट्रिय जगतमा प्रसिद्ध र लोकप्रिय गन्तव्यको रुपमा स्थापित गरिनेछ जसका लागि आवश्यक भौतिक संरचनाको निर्माण तथा पर्यटनमैत्री राज्य व्यवस्थाको स्थापना गरिनेछ । नेपालका पशुपतिनाथ, जानकी मन्दिर, लुम्बिनी, मुक्तिनाथ, पाथिभरा, स्वर्गद्धारी लगायतका धार्मिक-सांस्कृतिक क्षेत्र र विश्व सम्पदा सूचीमा रहेका हाम्रा सम्पदाहरुको उचित व्यवस्थापन र प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखी आध्यात्मिक, धार्मिक र साँस्कृतिक पर्यटनको प्रमुख गन्तव्यको रुपमा विकास गरिनेछ । विश्व सम्पदाको सूचीमा नेपालका थप ऐतिहासिक सम्पदाहरुलाई सूचीकृत गर्नका लागि आवश्यक कार्य गरिनेछ । प्राकृतिक सुन्दरता र साहसिक पर्यटन विकासमा थप जोड दिइ, पर्यटकहरुको संख्या र गुणस्तर अभिवृद्धि गरिनेछ । आवश्यकता अनुसार अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति (वा थप) गरी अन्तर्राष्ट्रिय विमानस्थलबाट पर्यटकहरु र नेपालीहरुको सहज आवगमनको व्यवस्था गरिनेछ । नेपाललाई शैक्षिक पर्यटन र स्वास्थ्य

पर्यटनको हब बनाउने कार्य तत्काल सुरु गरिनेछ । देशका शहरहरु पर्यटन व्यवसायका लागि चौबिसै घण्टा खुल्ने वातावरण मिलाइनेछ ।

## १५) उर्जा

जलविद्युत र आवश्यकता अनुसार अन्य वैकल्पिक उर्जाको उत्पादनलाई बढाउन आवश्यक भौतिक संरचनाको निर्माण गरिनेछ । उर्जाको आन्तरिक खपतलाई प्रवर्द्धन गरी आन्तरिक उत्पादनलाई प्रवर्द्धन गरिनेछ । देशभरका नदीहरुलाई दोहनबाट जोगाउन, सफा राख्न र सदुपयोग गर्न उच्चस्तरीय विज्ञ दल गठन गरिनेछ ।

## १६) भौतिक पूर्वाधार

अन्तर्राष्ट्रियस्तरको सडक सञ्जाल प्रत्येक वडा र टोलमा पुऱ्याइनेछ । वृहत सिचाँइ योजना, एयरपोर्ट, फ्लाइओभर, रोपवे (केबुलकार), ल्याण्डफिल साइट, सामूहिक एकीकृत आवास, वृहत खानेपानी योजना, चार्जिङ सेन्टर, कोल्ड स्टोरेज, फलफूल तथा तरकारी बजार  विपद् व्यवस्थापन केन्द्र, अत्याधुनिक रंगशाला, पब्लिक लाइब्रेरी तथा व्यायमशाला, पार्क, सार्वजनिक शौचालय, वाटर, स्यानिटेरी प्याड र औषधि एटिएम तथा अन्य आवश्यक भौतिक संरचना निर्माण गरिनेछ । पूर्वाधारहरु सर्वमान्य संरचना ढाँचा **(Universal Design)** अनुरुप अपाङ्गतामैत्री बनाइनेछ । महिला, यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको भाडा सरकारले तिर्ने व्यवस्थासहितको सार्वजनिक यातायातको अवधारणा सुरु गरिनेछ । सजिलो भरपर्दो सुलभ र सुविधाजनक सार्वजनिक सवारी प्रणालीको सुरुवात गरिनेछ । यात्रु पनि नठगिने र व्यवसायी पनि मारमा नपर्ने चुस्त यातायात प्रणाली हाम्रो प्राथमिकता हुनेछ । भद्रगोल ट्राफिक व्यवस्थापनबाट देशलाई मुक्त बनाइनेछ, जसका लागि मास ट्रान्जिटको अवधारणा ल्याइनेछ र ट्राफिक नियम मिच्नेलाई कडा कारवाही गरिनेछ । अनियन्त्रित र महंगो पार्किङ व्यवस्थामा व्यापक सुधार ल्याइनेछ ।

क) प्रत्येक जिल्ला सदरमुकाम जोडने राजमार्गहरुलाई स्तरोन्नति गरिनेछ। पहाडी भुभागमा राजमार्गहरु न्यूनतम दुई लेनको बनाइनेछ र काठमाडौं, पोखरा तथा तराई क्षेत्रमा विकास गरिने राजमार्ग आवश्यकता अनुसार न्युनतम ४ देखि ६ लेनको बनाइनेछ ।

ख) हुलाकी मार्ग, मध्यपहाडी लोक मार्ग र उत्तर-दक्षिण जोडने लोक मार्गहरुलाई प्राथमिकतासाथ यथाशीघ्र सम्पन्न गरिनेछ ।

## १७) इन्टरनेट, मोबाइल (टेलिफोन सेवा) तथा सूचना सञ्चार

महंगो कुराकानी र डाटाको आतंकबाट देशलाई मुक्त गरिनेछ । यस क्षेत्रमा विद्यमान एकाधिकार र सिन्डिकेटको अन्त्य गरी पूर्ण प्रतिस्पर्धी दूरसञ्चार प्रणाली सुरु गरिनेछ । स्वदेशमै डाटा सेन्टर विकास गरिनेछ, आफ्नै स्याटलाइट राखी इन्टरनेट र दूरसञ्चारमा आत्मनिर्भर राष्ट्र बनाइनेछ । सम्पूर्ण जनताको सरल पहुँच पुर्‍याइ गुणस्तरीय सेवा प्रदान गरिनेछ । क्लिनफिड प्रणालीलाई व्यवहारिक बनाइ नेपाली सञ्चार माध्यमहरुलाई आत्मनिर्भर हुने वातावरण बनाइनेछ । नेपाली सञ्चारमाध्यमहरु ग्राहकहरुको सदस्यताबाटै उभिन सक्ने प्रणाली स्थापना गरिनेछ । डिजिटल मिडियालाई व्यवस्थित गर्न पहल गरिनेछ । सरकारी सञ्चार माध्यमलाई सरकारको मुखपत्र बनाइने छैन र सार्वजनिक निजी साझेदारीको अवधारणामा लगिनेछ ।

## १८) सूचना प्रविधि (IT)

सूचना प्रविधिमा नेपाली जनशक्तिलाई विश्व बजारमा प्रतिस्पर्धात्मक बनाइ, विद्युत शुल्कमा छुट लगायत अन्य आवश्यक सुविधा दिइ नेपाललाई आउट सोर्सिङ हब तथा सूचना प्रविधिको लागि अन्तर्राष्ट्रिय हब बनाउन सुरु गरिनेछ । आइटि शिक्षालाई उच्च प्राथमिकतामा राखिनेछ । आइटि उद्योगलाई बाधा पुर्‍याउने सम्पूर्ण नियम कानुन खारेज गरी सघाउ पुर्‍याउने कानुन तथा नीतिको

निर्माण रातारात गरिनेछ । आइटि कलेजहरुको संख्या चारगुणा बढाइ पूरै देशलाई आइटिमैत्री देश **(IT Friendly Country)** बनाइनेछ । आइटि विश्वविद्यालय यथाशीघ्र खोलिनेछ ।

## १९) सामाजिक सुरक्षा र न्याय

न्यून आयस्तर भएका परिवारलाई सरकारको तर्फबाट पूर्ण रुपमा सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ । ज्येष्ठ नागरिक, असहाय, बालबालिका, अल्पसंख्यक, सीमान्तकृत समुदाय र जोखिममा रहेका नागरिक समुदायको अभिभावकको रुपमा सरकार रहनेछ । यौनिक अल्पसंख्यक, महिला तथा बाल हिसांलाई पूर्ण रुपमा निर्मूल गर्नको लागि कानुनलाई कडाईका साथ लागू गरिनेछ । यस्ता हिंसा विरुद्ध फास्ट ट्र्याक कोर्ट तथा ठाँउको ठाँउ उजुरी गर्न सक्ने प्रणाली तत्काल कार्यान्वयनमा ल्याइनेछ । कुनै पनि घरमा छोरी जन्मिना साथ बैंक खातामा प्रत्येक महिना निश्चित रकम सरकारले राखिदिनेछ जसलाई १८ वर्ष कटेका छोरीहरुले आफ्नो उच्च शिक्षाका लागि निकाल्न सक्नेछन् ।

## २०) सनातन वैदिक संस्कृति र आध्यात्मिकताको प्रवर्द्धन

साँस्कृतिक सम्पदा एवं नेपाली संस्कृति र सनातन वैदिक संस्कृतिलाई प्रवर्द्धन गरिनेछ । विद्यालय पाठ्यक्रममा समावेश गरी आध्यात्मिक ज्ञानलाई प्रवर्द्धन गरिनेछ । नेपालका मौलिक धर्म, मूल्य मान्यतालाई मानवीय विकासमा मद्दत हुने गरी प्रवर्द्धन गरिनेछ । पौराणिक महत्वका धार्मिक, साँस्कृतिक स्थान, सबै धर्मावलम्बीका ग्रन्थ, सामाग्री लगायतको संरक्षण गरिनेछ र तिनको अनुसन्धान गरी राष्ट्र निर्माणमा सदुपयोग गरिनेछ । जबरजस्ती वा प्रलोभनमा पारेर गरिने धर्म परिर्वतन गराउनेलाई हदैसम्मको कारवाही गरिनेछ । सबै धर्म र धर्मावलम्बीहरुको सम्मान र संरक्षण राज्यको प्राथमिकता हुनेछ । पवित्र लुम्बिनीलाई विश्वकै सर्वोत्कृष्ट ध्यान तथा बौद्ध गन्तव्य

बनाउन कुनै कसर बाँकी राखिने छैन । हरेक धर्मावलम्बीको सम्मान गर्दै नेपाललाई आध्यात्मिक राष्ट्रतर्फ उन्मुख गराइने छ ।

## २१) अन्तर्राष्ट्रिय सम्बन्ध

संयुक्त राष्ट्र संघले परिचालन गर्ने शान्ति सेनाको सवालमा बाहेक नेपाल कुनै पनि देशको सैनिक गठबन्धन वा संयन्त्रमा समावेश हुने छैन । असंलग्न परराष्ट्र नीति अवलम्बन गरिनेछ । नेपालको स्वाभिमान र राष्ट्रहितलाई सदैव सर्वोपरी मानिनेछ । जलवायु परिवर्तनका सवालमा राष्ट्रले अन्तर्राष्ट्रिय रुपमा नै नेतृत्व गर्ने गरी राष्ट्रलाई अघि बढाइनेछ । नेपालको भूमिलाई कुनै पनि छिमेकी तथा मित्र राष्ट्रका विरुद्ध प्रयोग गर्न दिइने छैन ।

## २२) खेलकुद र मनोरञ्जन

विद्यालयस्तरबाटै खेलकुद गतिविधि सञ्चालन गरेर अन्तर वडा, अन्तर पालिका, अन्तर प्रादेशिक एवं राष्ट्रिय स्तरमा नियमित प्रतियोगिता आयोजना गरेर खेलकुदलाई जरैबाट उकासिनेछ । प्रत्येक प्रदेशमा भलिबल, क्रिकेट, फुटबल, मार्सल आर्टस लगायत सम्पूर्ण खेलहरुका लागि विश्व स्तरीय रंङ्गशाला बनाइनेछ । नेपालका मौलिक खेलहरु डन्डिबियो, कबड्डी लगायतलाई प्राथमिकताकासाथ प्रवर्द्धन गरिनेछ । सबैका लागि खेलकुदको अवधारण आधारित भई अपाङ्गता भएका व्यक्तिहरुका लागि खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

नेपाली मनोरञ्जन क्षेत्रलाई प्रवर्द्धन गरी अन्तर्राष्ट्रियस्तरको मनोरञ्जनात्मक एवं चेतनामूलक उत्पादन सिर्जना गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । मनोरञ्जन क्षेत्रको विकासका लागि आवश्यक फिल्मसिटि, सिटि हल, थिएटर हल, रेकर्डिङ स्टुडियो लगायत भौतिक संरचना निर्माण गरिनेछ । विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी मल्टिमिडिया शिक्षा प्रणाली लागु गरिनेछ ।

## २३) खोज र अनुसन्धान

राज्यको अपनत्वमा खोज, अनुसन्धान र आविष्कार गर्न चाहने नेपाली वैज्ञानिक र विज्ञहरुका लागि प्रत्येक प्रदेशमा सुविधा सम्पन्न केन्द्रहरु निर्माण गरिनेछ ।

## २४) विश्व शान्ति क्षेत्र

राष्ट्रको आन्तरिक सुरक्षालाई सबल बनाई जनताको जीउ धन सुरक्षालाई प्रत्याभूत गरिनेछ । महिला, बालबालिका, वृद्ध लगायत सबै नेपालीहरु नेपालको कुनै पनि ठाँउमा कुनै पनि समय निर्धक्क भएर हिँडडुल गर्न सक्ने गरी देश भित्रै शान्ति क्षेत्रहरुको घोषणा कार्यक्रमलाई तीब्र बनाइनेछ । नेपाललाई विश्व शान्ति क्षेत्र घोषणा गर्नका लागि अन्तर्राष्ट्रिय समुदायमा प्रस्ताव राखिनेछ ।

## २५) विशेष विज्ञता-माटोले बोलायो अन्तर्राष्ट्रिय अभियान

संसारभर रहेका नेपालीहरुको विज्ञता नेपालले **“डलर टु डलरमा”** म्याच गरेर लिनेछ । कुनै पनि देशमा उच्च तहका विज्ञता हासिल गरेका नेपालीहरुलाई त्यही मुलुकले दिए जतिकै सेवा सुविधा दिएर नेपाल फर्काउने अभियान सुरु गरिनेछ । यसका लागि अति विशिष्ट परिचय पत्र सहित प्रोत्साहन गरिनेछ । यसका लागि त्यस्ता विशेष विज्ञले आफू एकपटक नेपाली भएको बाहेक कुनै प्रमाण दिनुपर्ने छैन ।

# हामी के गर्दैनौं ?

१) जनतालाई सास्ती हुने कुनै पनि नेपाल बन्द, चक्काजाम जस्ता कार्यक्रम गर्दैनौं । हिंसात्मक आन्दोलन गर्दैनौं । कुनै पनि बहानामा व्यक्तिको सम्पत्ति तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउँदैनौं ।

२) अपारदर्शी चन्दा उठाउदैनौं ।

३) प्रतिस्पर्धा, योग्यता र क्षमतालाई नजर अन्दाज गरी **"टीका"** लगाउने काम गर्दैनौं ।

४) प्राकृतिक सम्पदाको अनुचित दोहन गर्दैनौं ।

५) कुनै पनि बहानामा राज्यको स्रोतसाधन र शक्तिको दुरुपयोग गर्दैनौं । अनावश्यक रुपमा विदेश भ्रमण गर्दैनौं र विदेशमा स्वास्थ्य उपचारका लागि राज्यका सम्पत्तिको प्रयोग गर्दैनौं ।

६) राष्ट्रहित विपरित अनुचित सम्झौता गर्दैनौं ।

७) राजनीतिका लागि लाजनीति गर्दैनौं ।

८) कुनै पनि धर्म, सम्प्रदाय, यौनिक अल्पसंख्यक तथा जातजातिका विरुद्ध द्वेष फैलाउने र उत्तेजना सिर्जना गर्ने कार्य गदैंनौं र कुनै पनि प्रकारको भेदभाव गर्दैनौं ।

९) भ्रातृ संगठन बनाउँदैनौं ।

१०) अवकाशपछि राज्यबाट कुनै सुविधा लिदैनौं ।

११) एउटै पदमा दुई पूर्ण कार्यकालभन्दा बढी बस्दैनौं ।

१२) चुनाव हारेकालाई चोर बाटोबाट संसद वा सरकारमा ल्याउँदैनौं ।

१३) संसदमा सकेसम्म गयल हुँदैनौं, गयल भए भत्ता लिदैनौं ।

# प्रारम्भिक संस्करणका बारेमा

यो चिनारी पुस्तिका प्रारम्भिक संस्करण भएकाले यसमा केही कमीकमजोरी रहेका हुन सक्छन् । साथै धेरै कुराहरू छुटेका समेत हुन सक्दछन् । जसलाई आगामी संस्करणमा सुधार गर्दै लगिनेछ ।

**नोट:**

केन्द्रीय कार्यालय
४७७ वसुन्धारा मार्ग, काठमाडौं, नेपाल | + ९७७ ०१ ५९१४५९१, ९८५१३६०६६६
info@rspnepal.org | www.rspnepal.org